**मधुवन नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ३** **संख्या : ३** **प्रमाणिकरण मिति :२०७६/९/२६**
**प्रकाशन मिति :**

## भाग - २

मधुवन नगरपालिका

## नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रमको कार्यविधि, २०७६

### १- पृष्ठभूमी

देश विकाशको लागि नभै नहुने श्रोतसाधनमध्ये मानव संसाधन अति महत्वपूर्ण श्रोतसाधन हो । राज्यमा उपलब्ध प्राकृतिक श्रोतसाधनको सहि र उपयुक्त उपयोग गरी देशको आर्थिक तथा सामाजिक विकास गर्नको लागि त्यो देशको मानव श्रोतसाधन प्रमुख रुपमा जिम्मेवार रहन्छ । यसमा पनि १८ वर्ष देखि ५० वर्ष उमेरसम्मको युवा जनशक्ति सक्रिय मानव श्रोतसाधनमा पर्दछ । यसरी देशको समग्र विकासको लागि अहम भूमिका खेल्ने १८ देखि ५० वर्ष उमेरको युवा शक्ति रोजगारीको नाममा देशवाट

वाहिर जाने क्रम दिनानु दिन बढ्दो छ । यसै तथ्यलाई हृदयंम गरी मधुवन नगरपालिकाले ग्रामिण वेरोजगार युवा शक्तिको लागि देशभित्रै थप रोजगारीको अवसरहरुको श्रृजना गरी, उनीहरुलाई स्वदेशकै रोजगारीमा आकर्षित गर्ने उद्देश्यले नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । सोही नीति मुताविक पशुपालन व्यवसायमा ज्ञान, सिप र दक्षता भएका वेरोजगार यूवाहरुलाई पशुजन्य पदार्थ विक्रि वितरण, प्रशोधन तथा पशुपन्छी र माछा पालनसँग सम्बन्धित व्यवसायमा सरीक गराई स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले यो नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "**नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(ख) यो कार्यविधि मधुवन नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले "**नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले मधुवन नगरपालिका र "नगरकार्यपालिका" भन्नाले मधुवन नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "आर्थिक विकास समिति" भन्नाले मधुवन नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले मधुवन नगरकार्यपालिकाको पशु सेवा शाखा र "कार्यक्रम" भन्नाले मधुवन नगरसभाबाट स्वीकृत भएका पशु सेवा संवन्धि कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ङ) "सेवा केन्द्र" भन्नाले पशु सेवा शाखा मातहतमा मधुवन नगरपालिका क्षेत्रमा संचालित पशु सेवा संवन्धि सेवा प्रदान गर्ने ईकाइहरु सम्झनु पर्दछ ।

(च) "पशु विकास समन्वय समिति" भन्नाले कार्यक्रम क्षेत्र तथा लाभग्राही छनौट, मापदण्ड निर्धारण र अनुगमन तथा मुल्याङ्कनका लागि "पशु सेवा कार्यक्रमहरु सञ्चालन निर्देशिका-२०७६" बमोजिमका पदाधिकारी रहने गरी नगर स्तरमा गठन भएको कार्यदल सम्झनु पर्दछ ।

(छ) "लाभग्राही" भन्नले पशु सेवा शाखा/केन्द्रबाट कार्यक्रममा ब्यवस्था भए अनुसार अनुदान, पशु उत्पादनमा प्रयोगहुने बस्तु, सामाग्रि तथा उपकरणहरु र सेवा प्राप्त गर्ने कृषक/कृषक समुह/समिति/सहकारी/उद्यमी/निजी ब्यवसाय तथा संस्था समेतलाई जनाउँछ ।

**४. उद्देश्य-**

- ग्रामिण वेरोजगार/अर्ध वेरोजगार/वैदेशिक रोजगारीवाट फर्केका युवा/यूवतीहरुलाई प्रत्यक्ष रोजगार प्रदान गरी स्वदेशभित्रै श्रृजना हुने रोजगारीमा आकर्षित गर्ने ।
- युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई ग्रामिण कृषक परिवारको गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

**५. कार्यक्रम सञ्चालन हुने स्थानः** मधुवन नगरपालिकाका ९ वटै वडाहरुमा कार्यक्रम लागु गरिनेछ ।

**६. स्वरोजगार प्रवर्द्धनको लागि गर्न सक्ने व्यवसायहरुः** यस अन्तर्गत निम्न व्यवसायहरु पर्ने छन् :

- पशुपालन (गाईभैसीपालन, बाख्रापालन, बंगुरपालन, माछा पालन, कुखुरापालन ।
- मासु प्रशोधन, पशु आहारा तथा दाना उत्पादन, कृत्रिम गर्भाधान सम्बन्धि कार्यक्रमहरु ।

**७. कार्यक्रम कार्यान्वयन प्रकृया-**

- अनुसूची १ बमोजिम १५ दिने सूचना प्रकाशन गरी निबेदन/प्रस्ताव माग ।
- निबेदकको फर्म अनुगमन ।
- कार्यक्रम सञ्चालन गर्न ईच्छुक वेरोजगार युवा, युवतीहरुले पेश गरेका निबेदनहरुको छनौट ।
- कार्यक्रम कार्यान्वयन सम्झौता ।
- कार्यक्रमको नगरपालिका, पशु सेवा शाखा, पशु सेवा केन्द्रबाट अनुगमन ।
- कार्यक्रम सकिए पछि आवस्यक कागजात पेश गर्न लगाई भक्तानी दिने ।
- समयसमयमा अनुगमन, प्रगति प्रतिबेदन माग ।

**८. कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी**

**क- उद्यमी युवा/युवतीहरुको जिम्मेवारी**

- आफुले पेश गरेको र्कायोजना अनुसार काम गर्ने लिखित प्रतिबद्धता जाहेर गर्ने र सोही मुताविक कार्यक्रम सञ्चालन गर्ने ।
- काबु भन्दा बाहिरको परिस्थितीमा बाहेक कम्तिमा ३ बर्ष सम्म व्यवसाय छोड्न नपाउने ।
- नियमित रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरी सम्बन्धित सेवा केन्द्र मार्फत पशु सेवा शाखा कार्यालयमा पठाउने ।

**ख- पशु सेवा शाखा/पशु सेवा केन्द्रको जिम्मेवारी-**

- सूचना प्रकाशन, "पशु विकास समन्वय समिति"को निर्णय अनुसार फर्म छनौट, अनुगमन, कार्यक्रम कार्यान्वयन सम्झौता, कार्यान्वयन तथा फरफारक गर्ने ।
- आफ्नो कार्य क्षेत्रको मातहतमा रहेका युवा, युवती उद्यमीहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
- पशु सेवा केन्द्रले मासिक, चौमासिक र बार्षिक अनुगमन गरी पशु सेवा शाखामा प्रतिबेदन पठाउने ।

**ख- सिफारिस गर्ने वडा कार्यालयको जिम्मेवारी**

- सही रुपमा काम गर्ने वास्तविक वेरोजगार युवा/यूवतीहरुलाई उक्त कार्यक्रमका लागि लिखित सिफारिस गर्ने ।
- युवाले गरेको कामको नियमित अनुगमन गर्ने, रिपोर्टिङ गर्ने र सहजकर्ताको भुमिका निर्बाह गर्ने

**ग-छनौट गर्ने आधारहरु**

- निबेदन तथा प्रस्ताव साथ संलग्न फर्मका कागजातको विश्वसनियता/ वैधानिकता
- सम्बन्धित युवाले पेश गरेको कार्य योजना (अनुसूची. ३ अनुसारको फर्मेटमा) उसको काम गर्न सक्ने क्षमता र विषय प्रतिको ज्ञान शिप ।
- ब्यवसायको सुरुवात गरेको केहि सुधार गर्न आवश्यक रहेको ।
- प्रस्तावित योजनाको कम्तिमा ३० प्रतिशत देखि माथि लगानी आफै गर्न इच्छुक ।
- पेश गरेको कार्य योजना आर्थिक तथा प्राबिधिक रुपले सम्भाब्य र वातावरणमा प्रतिकुल प्रभाव नपार्ने खालको ।
- पशुपन्छी पालन, माछा पालन, पशुजन्य पदार्थ उत्पादन प्रशोधन र पशु आहारा सँग सम्बन्धित ब्यवशाय हुनु पर्ने ।
- सम्बन्धित विषयको प्राबिधिक तालिम तथा शैक्षिक योग्यता भएको बेरोजगार युवा लाई प्राथमिक्ता दिईनेछ ।
- अनुसूची ५ अनुसारको मुल्याङ्कन गरी सबैभन्दा वढी अङ्क प्राप्त गर्ने युवा/यूवतीहरुलाई मेरीटको आधारमा छनौट गर्ने ।
- छनौट भएका युवा/यूवतीहरु सँग अनुसूची ४ अनुसार सम्झौता गरी चेक ड्राफ्ट मार्मत सिधै रकम सम्बन्धित सिफारिस सँस्थाको सिफरिसमा दुई किस्ता ५० प्रतिशतका दरले वा कार्य सम्पादन पछि आवस्यक पेश विल भरपाईको आधारमा एकमुष्ठ भुक्तानी दिईनेछ ।
- उद्यमी युवा/यूवतीहरुलाई आवश्यक पर्ने प्राबिधिक सेवा उपलब्ध गराउने ।

- मातहतका पशु सेवा केन्द्रले नियमित अनुगमन गरी चौमासिक र बार्षिक रुपमा प्रगति विवरण पेश गर्ने ।
- विगत २ बर्ष यता कुनै पनि अनुदान नपाएको युवा/यूवतीले सञ्चालन गरेको फर्मलाई प्रमुख प्राथमिक्ता दिईनेछ ।

**घ-अनुदान दिन सकिने फर्मको मापदण्ड**

- गाई/भैसी फर्मको हकमा फर्म दर्ता गरी कम्तीमा ५ वटा माउ अनिवार्य हुनु पर्नेछ ।
- बाखा फर्मको हकमा फर्म दर्ता गरी कम्तीमा २० वटा बाखा अनिवार्य हुनु पर्नेछ ।
- बंगुर फर्मको हकमा फर्म दर्ता गरी कम्तीमा १० वटा माउ बंगुर अनिवार्य हुनु पर्नेछ ।
- माछा फर्मको हकमा फर्म दर्ता गरी कम्तीमा पोखरी निर्माण गरी माछा राखेको वा पोखरी निर्माण कार्य गरिरहेको अनिवार्य हुनु पर्नेछ ।
- अन्य ब्यवशायको हकमा ब्यवशाय दर्ता गरी ब्यवशाय सुरु गरेको अनिवार्य हुनु पर्नेछ ।

**(९) थपघट र हेरफेर गर्न सक्ने**

- यो कार्यबिधिको कार्यान्वयनलाई थप ब्यवथित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
- यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यक्ता अनुसार ब्याख्या गर्न सक्नेछ ।
- यस कार्यबिधिमा नसमेटिएका बुदाहरुको हकमा पशु विकास समन्वय समितिको निर्णय र प्रचलित ऐन,कानुन अनुसार हुनेछ ।

**अनुसूची-१**

# नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

मितिः

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../....को बार्षिक स्वीकृत कार्यक्रम अनुसार केहि वेरोजगार युवाहरुलाई नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वार्ड न १ देखि ९ सम्मका ईच्छुक १८ देखि ५० वर्ष उमेरका अर्ध बेरोजगार/वेरोजगार/विदेशबाट फर्केका ब्यवशायको सुरुवात गरेका युवा/यूवतीहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो

सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आबेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपसिलः
कार्यक्रमहरु-
नगर प्रमुख युवा लक्षित बाख्रा फार्म प्रवर्द्धन कार्यक्रम................वटा ।
नगर प्रमुख युवा लक्षित बंगुर फार्म प्रवर्द्धन कार्यक्रम................वटा ।
नगर प्रमुख युवा लक्षित कखुरा फार्म प्रवर्द्धन कार्यक्रम................वटा ।
नगर प्रमुख युवा लक्षित गाई/भैसी फार्म प्रवर्द्धन कार्यक्रम................वटा ।
नगर प्रमुख युवा लक्षित माछा फार्म प्रवर्द्धन कार्यक्रम................वटा ।

संलग्न गर्नु पर्ने कागजातहरु-

- अनुसूची २ अनुसारको आवेदन फाराम ।
- अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
- नेपाली नागरिक्ताको आफैबाट प्रमाणित प्रतिलिपि ।
- वडा र पशु सेवा केन्द्र कार्यालयको सिफरिस पत्र ।
- अन्य फर्म दर्ता, तालिम तथा शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपिहरु ।

शाखा प्रमुख

**अनुसूची-२**

## नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आबेदन-पत्र

श्री मान् प्रमुख ज्यू
मधुवन नगरपालिका
पशु सेवा शाखा
बर्दिया ।

मितिः

बिषय- नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रममा अनुदान उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ………………….कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी निबेदन गर्दछु । मैले अनुदान सहयोग प्रप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित वडा भित्रै रही कार्य गर्नेछु । साथै तपसिल अनुसारका कागजातहर यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल-

- अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
- नेपाली नागरिक्ताको प्रमाणित प्रतिलिपि ।
- फर्म/सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- बैदेशिक रोजगार बाट फर्केको हकमा पासपोर्टको प्रतिलिपि ।
- वडा र पशु सेवा केन्द्र कार्यालयको सिफारिस ।
- परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र ।

**निबेदक**
नाम
दस्तखत
ठेगाना

अनुसूची-३

# नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रममा अनुदान सहयोग कार्यक्रमको संक्षिप्त कार्य योजना ।

उद्यमी युवा/युवतीको नाम-
ठेगाना-
सञ्चालन गर्न खोजेको पशु सेवा सम्बन्धि व्यवशाय र स्थान-
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी
आफ्नो लगानी-
आफ्नो पारिवारीक श्रम-
व्यवशायबाट उत्पादन हुने वस्तु-
उत्पादित बार्षिक बजार-
अपेक्षित बार्षिक प्रतिफल-
व्यवशायले वातावरणमा नकरात्मक प्रभाव पार्छ/पार्दैन-
फर्मको नाम-

दर्ता भएको निकाय- मिति-
व्यवशाय सञ्चालन गरिने स्थान-

संचालन गरिने कार्य विवरण-

| क.स. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवशाय गरेको अबधि-
व्यवशायमा श्रमको व्यवस्थापन-(क)पारिवारीक.............(ख) बाहिरबाट...............जना (ग) जम्मा .............जना
उत्पादित बस्तुको बजार-
अपेक्षित बार्षिक प्रतिफल-

हस्ताक्षर- फर्मको छाप
नाम-
पद-
मिति-

अनुसूची-४

## नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रममा अनुदान सहयोग कार्यक्रमको दुईपक्षिय सम्झौता फाराम

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**पशु सेवा शाखा बर्दिया**
व्यवशायीक पशु फार्म प्रबर्धन कार्यक्रम सञ्चालनका लागि गरिएको दुइपक्षिय सम्झौता पत्र

मधुवन नगरपालिका पशु सेवा शाखाको आ.ब.२........../२.......... को स्वीकृत नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि यस नगरपालिका पशु सेवा शाखाको मिति २०.............. मा प्रकाशित १५ दिने निबेदन माग सूचना अनुसार माग निबेदन पेश गरेको मधुवन नगरपालिका पशु विकास समन्वय समितिको

मिति....................को निर्णय अनुसार निबेदक श्री ........................................ फार्म............................छनौट भएको हुदा **मधुवन नगरपालिका पशु सेवा शाखा बर्दिया** (यस पछि प्रथम पक्ष भनिने) र श्री ..................................फार्मका सञ्चालक श्री .............................(यस पछी दोस्रो पक्ष भनिने) विच तपसिलका सर्तहरु पालना गरी कार्यक्रम सञ्चालनका लागि द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

- कार्यक्रम.बर्दिया .जिल्ला मधुवन न.पा. .... वार्डन.................भन्ने टोलमा ................. सम्ममा सम्पन्न गरिने छ ।
- यस कार्यक्रमको अनुदान रकम रु .............र स्वलगानी बाफतको रकम रु................श्री ....................फर्मको ............................कार्यहरु गर्नको लागि दोस्रो पक्षले खर्च गर्नु पर्नेछ ।
- प्रथम पक्षले कार्यक्रम सञ्चालनार्थ ....................... रकममा ३० प्रतिशत भन्दा माथि दोस्रो पक्षले स्वलगानी बापत लगानी गरी कार्य सम्पन्न गरेर प्रथम पक्षले ब्यहोर्ने रकम रु .................भुक्तानी माग गर्नु पर्ने छ । उक्त भुक्तानी दिदा कार्य सम्पन्न पश्चात वडा कार्यालयको सिफारिसको आधारमा आवस्यक कागजातहरु पेश गरी एकपुष्ट भुक्तानि दिन सकिने छ ।
- कार्क्रम सम्पन्न भए पश्चात नेपाल सरकारको नियमानुसार ब्यवसाय दर्ता गरि प्रमाण पत्र लिने मुल्य अभिबृद्धि कर (VAT)दर्ता प्रमाण पत्र वा स्थायी लेखा न.पान प्रमाण पत्र जस्ता लिने कार्यहरु समयमै सम्पन्न गर्नु षर्ने छ ।
- प्रस्तवित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगायतका सम्पुर्ण कार्यहरुको जिम्मेवारी एबं दायित्व दोस्रो पक्षको हुने छ ।
- प्रस्तवित कार्यक्रम स्थल ५ बर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन/३ बर्ष सम्म ब्यवशाय छोडिने छैन तथावि काबु बाहिरको अवस्थामा स्थानान्त्रण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृती अनिवार्य लिनु पर्ने छ ।
- प्रस्तावित कार्यक्रम सञ्चालन गरिएको थलोमा ठेगाना तथा सहयोयी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोस्रो पक्षले अनिबार्य गर्नु पर्ने छ ।
- दोस्रो पक्षले नियमित रुपमा कम्तीमा चौमासिक अवधिमा प्रगति विवरण लगायत अन्य तथ्याङ्क हरु दोस्रो पक्षले प्रथम पक्षलाइ अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।
- सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा संझौता भंग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकि सरह असुल उपर गर्न सक्नेछ ।
- प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरिक्षण अनुगमन तालिम भ्रमणमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुने छ ।
- पशु विमा लगायतका कार्य अनिवार्य गर्नु पर्ने छ ।
- सम्झौतामा छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

नोटःसम्झौताका बुदाहरु आवस्क्ता अनुसार थपघट र संसोधन गर्न सकिने छ ।

दोस्रो पक्षको तर्फ बाट

हस्ताक्षरः

नामः

ठेगानाः

सँस्था/फार्म छाप

साक्षिः

नामः

ठेगानाः

प्रथम पक्षको तर्फ बाट

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छाप

साक्षिः

नामः

पदः

इति सम्वत ..................साल.......................महिना.....................गते रोज सुभम् ।

अनुसूची-५

## नगर प्रमुख युवा लक्षित फार्म प्रवर्द्धन कार्यक्रममा अनुदान सहयोग कार्यक्रमको प्रस्ताव मूल्यांकन फारामः

| क.स. | द.न. | आबेदकको नाम | ठेगाना | मूल्याङ्कन १०० पुर्णङ्कमा गर्ने | | | | | कुल प्राप्त अंक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमिको व्यवशाय प्रतिको अनुभव/तालमि (१०) | पशुपन्छी संङ्ख्या/काम गरिरहेको अवस्था (३०) | पेश गरेको कार्ययोजना (३०) | व्यवशायको सम्भावना (१५) | वास्थविक लक्षित बर्ग (१५) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समिति पशु विकास सेवा समन्वय समितिका पदाधिकारीहरुको नाम,थर,पद,दस्तखत र मितिः

१.
२.
३.

**१०-कार्यक्रमका लागि बजेट खर्च गर्ने आर्थिक नर्मस् ।**

| सि.न. | विवरण | कार्यक्रम बजेट | कैफियत |
|---|---|---|---|
| १ | उद्यमी युवा/यूवतीहरुलाई सम्झौता अनुसार कार्यक्रम खर्च कार्यालयबाट अनुदान | प्रति युवा/युवतीको लागि न्युनतम ४५००० पैचालिस हजार देखि १००००० एक लाख सम्म । | |
| २ | पशु विकास समन्वय समितिका पदाधिकारीहरु लगायत अन्य नगरपालिका भित्रका पदाधिकारीहरु लाई कार्यक्रम अनुगमन, दै.भ्र.भ.स्टेशनरी, गोष्ठी तथा बैठक भत्ता, आदि समेतका लागि कार्यालय सञ्चालन खर्च । | स्वीकृत कार्यक्रमको बजेट भित्र रहेर लागत अनुमान बनाई खर्चको व्यवस्था मिलाउने । | |

११- नगर प्रमुख यो कार्यक्रमको संरक्षकको रुममा हुनु हुनेछ ।

आज्ञाले
गोपालराज तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत